नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २१९ २०७९ साल चैत १८ गते शनिबार (1 Apr. 2023 Saturday) मूल्य रु. ५/-

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अब स्थानीय तहबाटै श्रम... ३ पृष्ठमा : 'नागरिकता विधेयक ल्याएर नागरिकताको ... ३ पृष्ठमा पूर्वअमेरिकी राष्ट्रपतिविरुद्ध.

# ब्रह्माकुमारी राजयोग सेवा उपकेन्द्रको भवन बनाउन झकरैत दम्पतीद्वारा जग्गादान



**तिरहुत गाउँपालिका ५ लोहजराका समाजसेवी डम्बर नारायण झकरैत यादव र उनकी पत्नी सहावती देवी**



प्रस्तावित निर्माणस्थलमा झण्डोत्तलन गरिदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

सप्तरीको तिरहुत गाउँपालिका निवासी एक समाजसेवी दम्पतीले ब्रह्माकुमारी राजयोग सेवा उपकेन्द्र भवन निर्माणका लागि लाखौ मूल्य बराबरको जग्गा निःशुल्क प्रदान गरेका छन् ।

तिरहुत गाउँपालिका ५ लोहजराका समाजसेवी डम्बर नारायण झकरैत यादव र उनकी पत्नी सहावती देवीले ब्रह्माकुमारी राजयोग उपसेवा केन्द्र भवनका लागी आफ्नो नाममा रहेको एक कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका हुन ।

राजविराजमा रहेको केन्द्रको क्षेत्रीय कार्यालयले सो गाउँपालिकामा उपकेन्द्र बनाउन जग्गा खोजी रहेका वेला झकरैत दम्पतीले निःशुल्क जग्गादान गरेर ठूलो गुण लगाएको केन्द्रकी मुख्य प्रभारी ब्रह्माकुमारी भगवती दिदीले बताईन ।

शुक्रवार मुख्य प्रभारी भगवती दिदी, दिपक भाई, बैजन्ती दिदी, मधुसुधन लाल देव, छिमेकी राष्ट्र भारत माउन्ट आबुका प्रशिक्षण विभागका प्रमुख रामचन्द्र भाई, वडा अध्यक्ष रमानन्द चौधरी सहितको गाउँ पुगेको टोलीलाई एक कार्यक्रमबीच झकरैत दम्पतीले जग्गा प्रदानको घोषणासहित कागजातहरु हस्तान्तरण गरेका छन ।

जग्गा पाएपछी प्रस्तावित निर्माणस्थलमा झण्डोत्तलन समेत गरिएको छ । केन्द्रकी मुख्य प्रभारी भगवती दिदीले झकरैत दम्पतीले जग्गा दिएपछी उपकेन्द्र भवन बनाउने बाटो खुलेको बताईन । उनले छिट्टै मालपोत कार्यलयबाट कित्ताकाट र केन्द्रको नाममा रजिष्ट्रेशन पास गराई निर्माण प्रकृया सुरु गरिने जानकारी दिइन ।

झकरैत दम्पतीका एक छोरा र दुई छोरी छन । दुबै छोरीको विवाह भइसकेको छ । छोरा दिनानाथ यादव पत्रकारिता पेशमा आवद्ध छन । समाजसेवा भनेपछी तुरन्त अग्रसर हुने आमा बुवाले ब्रहमाकुमारी राजयोग सेवा केन्द्र बनाउन जग्गा खाँचो भएको जानकारी पाएपछी आफुसंग पनि सल्लाह गरेर जग्गा दान गरेको र यसमा आफुलाई पनि निकै गौरव र खुशी महसुस भएको छोरा दिनानाथ यादवले बताए ।

वडाअध्यक्ष रमानन्द चौधरीले केन्द्रको भवन निर्माणमा पालिकाबाट पनि सक्दो सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

# टायर पन्चर हुँदा अनियन्त्रित भई कार पल्टिदा एकको मृत्यु, दुई गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

टायर पन्चर हुँदा अनियन्त्रित भई कार पल्टिदा शुक्रबार एक जनाको मृत्यु भएको छ भने दुर्घटनामा दुई जना गम्भिर घाइते भएका छन् ।

पुर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित कंकालिनी मन्दिर र कोशि ब्यारेज सडक खण्डमा शुक्रबार बिहान बा.१९च.५५७६ नं. को कारको अगाडी भागको टायर पन्चर हुँदा अनियन्त्रि भई पल्टिएको हो ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको उक्त कारमा सवार सुनसरीको इनरुवा नगरपालिका ५ निवासी ६५ वर्षिय लिला बहादुर कार्कीको उपचारका क्रममा बिराटनगरस्थित नोबेल अस्पतालमा शुक्रबारै मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भिर घाइते हुनेहरुमा कारका चालक खोटाङको मार्फा २ बस्ने ५९ वर्षिय राजकुमार नेपाल र कारमा सवार उदयपुर जिल्लाको त्रियुगा नगरपालिका १० गाईघाट बस्ने ८३ वर्षिय योग्य बहादुर कार्की छन् ।

उनीहरुको भारदहस्थित अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बिराटनगरस्थित नोबेल अस्पतालमा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अटोरिक्सा दुर्घटना हुँदा चालकसहित चार जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

सप्तरीको खडक नगरपालिका ८ बिसनपुर बोदेबर्साईन सडक खण्डमा बिहीबार अटोरिक्सा आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकसहित चार जना घाइते भएका छन् ।

बिसनपुरबाट बोदेबर्साईनतर्फ जादै गरेको प्रदेश २-०१-००१ ह.०५५१ नं. को अटोरिक्सा दुर्घटना हुँदा अटोरिक्सा चालक बोदेबर्साईन २ निवासी ४० बर्षका श्रीपुजन चौधरी, अटोरिक्सामा सवार स्थानिय ३६ वर्षीया रमिता चौधरी, ३४ वर्षिया सुशिला चौधरी र ३९ वर्षिया चन्द्रिका चौधरी घाइते भएका छन् ।

घाइतेहरुको स्थानिय युनिभर्सल अस्पताल कल्याणपुरमा उपचार भईरहेको तथा अटोरिक्सा प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीद्वारा शपथ

काठमाडौं, १७ चैत (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उपप्रधानमन्त्री एवं मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उपप्रधानमन्त्री एवं मन्त्रीहरूलाई शपथ गराउनुभएको हो । सो अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, संवैधानिक निकायका प्रमुख, वरिष्ठ सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

प्रधानमन्त्री दाहालले शुक्रबार मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो । प्रधानमन्त्री दाहालले नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गर्नुभएको हो ।

शपथग्रहण गर्नेहरूमा उपप्रधानमन्त्री तथा रक्षामन्त्रीमा पूर्णबहादुर खड्का, अर्थमन्त्रीमा डा प्रकाशशरण महत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीमा रमेश रिजाल र सहरी विकासमन्त्रीका रुपमा सीता गुरुङ हुनुहुन्छ ।

यस्तै, नेकपा(माओवादी केन्द्र)का शक्तिबहादुर बस्नेतले पनि पद तथा गोपनियताको शपथ लिनुभएको छ । उहाँले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ ।

नेकपा (एकीकृत समाजवादी)का तर्फबाट कृषि तथा

*बाँकी दुई पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### सरकारी स्वास्थ्य मापदण्डको पालना गरौं

कोरोनाको त्रास छिमेकी मुलुक भारतमा पुनः बढ्दै गइरहेको छ । नेपाल भारतको छिमेकी राष्ट्र भएकोले यहाँ पनि महामारी फैलिन सक्ने सम्भावनालाई नकार्न सकिन्न् । कीन भने भारतसँग जोडिएका सीमानाकाहरु खुल्ला नै रहेको छ । नेपाल र भारत आवतजावत यहाँका जनताहरु बिना रोकटोक दिनहुँ गरिरहेका हुन्छन् । यस्तो अवस्थामा नेपालीहरु पनि कोरोना महामारी फैलिन नदिन सतर्कता अपनाउन अति आवश्यक छ ।

विगतका केही दिनदेखी नेपालमा पनि कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । यसप्रति अहिले देखी नै सबै सचेत हुनु आवश्यक छ । सरकारले महामारी नियन्त्रण तथा रोकथामका लागि कोरोना बिरुद्धको भ्याक्सिन लगाउन पुनः आह्वान गरेको छ । भ्याक्सिन लगाउनाले कोरोनाको जोखिमबाट केही राहत हुने चिकित्सकहरुको दाबी छ ।

यसरी कोरोनाको महामारी पुनः बढ्दै गएको बेला सरकारले अपील गरेको स्वास्थ्य मापदण्ड अपनाउनुका साथै आफै पनि सतर्कता अपनाउनु अत्यन्त आवश्यक छ । मास्कको अनिवार्य प्रयोग गर्नु र मानिस मानिसमा दुरी कायम गर्न सकिए महामारीबाट केही राहत पाउन सकिन्छ । तसर्थ आजैदेखी सबैले सरकारी स्वास्थ्य मापदण्डको पालना गर्ने तर्फ गम्भिर बनौं ।

# अब स्थानीय तहबाटै श्रम स्वीकृतिका लागि आवेदन

काठमाडौँ, १७ चैत (रासस) ।

सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट गर्न सकिने व्यवस्था गरेको छ । अहिले नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम अनलाइनबाट भइरहेको छ ।

अनलाइनबाट आफैँ श्रम स्वीकृतिका लागि आवेदन दिन नसक्नेले भने वैदेशिक रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायकबाट शुल्क तिरेर सेवा लिँदै आएका छन् । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै निःशुल्करूपमा आवेदन दिन सक्ने निर्णय गरेको छ ।

सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने उद्देश्यअनुरुप स्थानीय तहबाट नै सेवा प्रवाह हुनु फलदायी हुने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रीस्तरबाट बुधबार उक्त निर्णय गर्नुभएको हो ।

स्थानीय तहबाटै वैदेशिक रोजगारीसम्बन्धी सूचना सरोकारवालामा पुर्‍याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य आगामी वैशाख १ गतेदेखि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समेत गर्ने गरी प्रधानमन्त्रीबाट निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता कविराज उप्रेती रोजगार सेवा केन्द्रबाट नै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने भएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकले निकै फाइदा लिनसक्ने बताउनुहुन्छ । आफ्नो गाउँमै रहेको सेवा केन्द्रमार्फत आवेदन दिन सकिने भएपछि रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायककोमा फारम बुझाउन जान नपर्ने उहाँको भनाइ छ ।

"अब श्रमिकले सटरमा फारम बुझाउन जान परेन, रोजगार सेवा केन्द्रबाट निःशुल्क सेवा लिन सकिनेछ, यसबाट श्रमिकको समय र पैसा पनि बचत हुन्छ", सहप्रवक्ता उप्रेती बताउनुहुन्छ ।

सरकारी निकायबाटै आवेदन दिन सकिने भएपछि श्रम स्वीकृतिका लागि आवश्यक कागजपत्र नपुगेको भन्दै सेवाप्रदायकले सेवाग्राहीसँग गर्ने अनुचित लेनदेनको अवस्था पनि यसले अन्त्य गर्ने उहाँको विश्वास छ । "कागजपत्र लिने र स्क्यान गर्ने तर कुनै कागजपत्र श्रम स्वीकृति लिने प्रणालीमा अपलोड नगर्ने र सेवाग्राहीसँग कागजात पुगेन भन्दै बार्गेनिङ गर्ने प्रवृत्ति अन्त्य हुनेछ", सहप्रवक्ता उप्रेती भन्नुहुन्छ ।

सेवा केन्द्रबाट आवेदन दिँदा सम्बन्धित स्थानीय तहबाट कति श्रमिक वैदेशिक रोजगारीमा गए, कुन-कुन सीपयुक्त जनशक्ति बाहिरिए भनी तथ्याङ्क राख्न पनि सहयोग हुनेछ । बेरोजगार र रोजगारको स्थितिका बारेमा पनि जानकारी लिन सकिने उहाँको भनाइ छ ।

मन्त्रालयले चैत महिनाभित्रै रोजगार सेवा केन्द्रमा रहेका कर्मचारीलाई अभिमुखीकरण गर्ने तयारी गरेको छ । "चैतभित्र अभिमुखीकरण सम्पन्न गरी वैशाख १ देखि कार्यान्वयन गर्ने तयारी गरेका छौँ", उहाँ भन्नुहुन्छ, "रोजगार संयोजक र सहसंयोजकलाई अनलाइबाटै अभिमुखीकरण गर्ने योजना छ ।"

सरकारले सात सय ५३ स्थानीय तहमा रोजगारसम्बन्धी सेवा प्रवाहमा सहजीकरण गर्ने गरी रोजगार सेवा केन्द्र स्थापना गरेको छ । उक्त केन्द्रमा रोजगार संयोजक र रोजगार सहसंयोजक गरी दुई कर्मचारीको दरबन्दी उपलब्ध गराइएको छ ।

# जनगणनाबारे भ्रम नफैलाउन तथ्याङ्क कार्यालयको अनुरोध

काठमाडौँ, १७ चैत (रासस) ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा सार्वजनिक भएसँगै धर्मको बारेमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा आएका समाचारप्रति राष्ट्रिय तथ्याङ्क कार्यालयको ध्यानाकर्षण भएको छ ।

सो कार्यालयले बिहीबार विज्ञप्ति जारी गरी धर्मसम्बन्धमा विसं २०७८ को जनगणनाअनुसार विभिन्न धर्मको विवरण भनी केही सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा आएका समाचार पूर्णरुपमा गलत, भ्रामक तथा अन्योल सिर्जना गर्ने खालका भएको र त्यस्तो भ्रामक समाचारको पछि नलाग्न सबैमा अनुरोध गरेको छ । जातजाति, भाषा र धर्मसम्बन्धी विवरणलाई अन्तिम रुप दिने कार्य भइरहेको र चाडैँ तथ्य विवरण सार्वजनिक गर्ने कार्यक्रम रहेको सो कार्यालयले जनाएको छ ।

"कार्यालयमा जातजाति, भाषा र धर्म सम्बन्धमा सरोकारवाला व्यक्ति तथा संस्थाबाट करिब ७० माग/ध्यानाकर्षण पत्र दर्ता भएको छ, प्राप्त माग/ध्यानाकर्षण पत्रको सन्दर्भमा विभिन्न व्यक्ति तथा संस्था, विज्ञ तथा संवैधानिक आयोगका प्रतिनिधिको संलग्नतामा छलफल भइरहेको छ, साथै जातजातिसँग सम्बन्धित संवैधानिक आयोग तथा भाषा आयोगसँग प्रत्यक्ष छलफल गरी सुझाव लिने कार्य भइरहेको छ", विज्ञप्तिमा भनिएको छ ।

यही चैत्र १० गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन सार्वजनिक गर्नुभएको थियो ।

## १७ करोडको कोकिनसहित दुई महिला पक्राउ

काठमाडौँ, १७ चैत (रासस) ।

रु १७ करोड मूल्य बराबरको भएको झण्डै आठ किलो कोकिनसहित दुई भारतीय महिलालाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत लैजान लागिएको उक्त परिमाणको कोकिन बरामद गरी भारत घर भएका भल्लालोमी र इस्थर ललिमपुईलाई पक्राउ गरिएको लागुऔषध नियन्त्रण ब्यूरोका प्रहरी उपरीक्षक चक्रराज जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसको अवैध बजार मूल्य अहिले रु १७ करोडभन्दा बढी छ ।

दुई जनाले फरकफरक झोलामा फरकफरक समयमा हवाइमार्ग हुँदै कोकिन निकासी गर्न लागेको पनि ब्यूरोले जानकारी गराएको छ । उनीहरूले लगेजमा फल्सबटम बनाएर अवैध लागुऔषध कोकिन भारत लैजान लागेका थिए । विमानस्थल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्यूरोको संयुक्त टोलीले इन्डिगो विमानबाट भारत जान लागेका बेला भाल्लालोमीको लगेज शङ्का लागि जाँच गर्ने क्रममा कोकिन फेला परेपछि विमानस्थलको प्रस्थान कक्षबाट उनलाई पक्राउ गरिएको हो ।

उनको लगेजभित्र चार वटा लेडिज ब्याग फेला परेको र ती ब्यागमा फल्सबटम बनाई भारतको नयाँ दिल्लीतर्फ तीन किलो कोकिन निकासी गर्न लागिएको फेला परेको थियो । उनको बयानका आधारमा ठमेलस्थित एक होटलमा अनुसन्धान गर्दा पाँच किलो कोकिनसहित ललिमपुईलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ । उनले पनि भारत निकासीका लागि तयारी अवस्थामा सुटकेसभित्र फल्सबटम बनाई कोकिन राखेका पाइएको छ ।

बिहीबार सार्वजनिक विवरणअनुसार दुवै जनामाथि लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको ब्यूरोका प्रहरी उपरीक्षक जोशीले जानकारी दिनुभयो ।

*नवनियुक्त उपप्रधानमन्त्री...*

पशुपन्छी विकासमन्त्रीमा वेदुराम भुसाल र भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्रीका रुपमा प्रकाश ज्वालाले शपथ लिनुभएको छ ।

जनता समाजवादी पार्टी नेपालका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा अशोक राईले पद तथा गोपनियताको शपथ लिनुभएको छ । लोकतान्त्रिक समाजवादी पार्टीकातर्फबाट शरतसिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बन्नुभएको छ ।

यस्तै, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको रुपमा पद तथा गोपनियताको शपथ लिनुभएको छ । यसैगरी, नेपाल समाजवादी पार्टीका महिन्द्राय यादवले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको रुपमा शपथ लिनुभएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘नागरिकता विधेयक ल्याएर नागरिकताको समस्या समाधान गर्नुपर्ने’

काठमाडौं, १७ चैत (रासस) ।
राजनीतिक दलका नेताहरूले नागरिकता विधेयक जतिसक्दो छिटो ल्याएर पास गरी नागरिकताको समस्या समाधान गर्नुपर्ने प्रतिबद्धता जनाएका छन् ।

मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले बिहीबार आयोजना गरेको ‘नागरिकता विधेयकमा राजनीतिक दलको दृष्टिकोण’ विषयक कार्यक्रममा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले चाँडोभन्दा चाँडो नागरिकतासम्बन्धी विधेयक ल्याएर पास गर्नुपर्ने बताउनुभयो ।

नागरिकता संवेदनशील र महत्त्वपूर्ण विषय भएको हुनाले कुनै पनि नागरिक नागकिताविहीन हुनुपर्ने अवस्था राज्यले बनाउन नहुनेमा जोड दिँदै पार्टी यसप्रति प्रतिबद्ध भएको उहाँको भनाइ थियो । नेकपा (एमाले)का नेता ऋषिकेश पोखरेलले नागरिकताको विषयलाई राजनीतिक विषय नबनाइकन राष्ट्रिय मुद्दा बनाएर नागरिकताको समस्या समाधान गर्नुपर्ने बताउनुभयो । एमाले कुनै पनि नागरिकलाई अनागरिक बनाउन हुँदैन भन्ने विषयमा गम्भीर भएको र सबै दलहरू मिलेर राष्ट्रिय सहमतिबाटै नागरिकताको विषयलाई निष्कर्षमा पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले नेपालका नागरिक यो वा त्यो कुनै पनि कारणले नागरिकताविहीन हुन नहुने विषयमा पार्टी प्रतिबद्ध भएको र छिटो विधेयक ल्याएर पास गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय जनता पार्टीका नेता रञ्जु ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार र जनमत पार्टीका प्रमुख सचेतक अनिता शाहले पनि नागरिकता नेपालीको मौलिक अधिकार भएको हुनाले नागरिकलाई नागरिकताविहीन बनाउन नहुने धारणा राख्नुभएको थियो ।

म्यागका अध्यक्ष अनिता विन्दुले दलहरू मिलेर राष्ट्रिय सहमतिबाटै नागरिकतासम्बन्धी विधेयक छिटो ल्याएर उक्त समस्या समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो ।

# सञ्चार क्षेत्रलाई प्रभावकारी बनाउन तीन तहका सरकारबीच समन्वय आवश्यक : सचिव राउत

काठमाडौं, १६ चैत (रासस) ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतले समाजको सबै क्षेत्रमा प्रभाव पार्ने सञ्चार क्षेत्रले सरकारको वार्षिक नीति तथा कार्यक्रमका साथै बजेट निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ ।

सञ्चार मन्त्रालयमा शुक्रबार पदवहाली गर्दै सचिव राउतले सञ्चार क्षेत्रले मुलुकको आर्थिक विकास, उत्पादन क्षेत्र र सेवा प्रवाहलाई जोड्नुपर्छ भन्नुभयो ।

प्रदेश सरकारको सञ्चार ऐन निर्माणका क्रममा महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्दै उहाँले सञ्चार क्षेत्रलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिनुभयो ।

तीव्ररूपमा भइरहेको प्रविधिको विकासले सञ्चार क्षेत्रमा थप चुनौती र अवसर देखापरेको उल्लेख गर्दै उहाँले मन्त्रालय मातहतका जिम्मेवार सबै निकायको सहयोग र सहकार्यबाट समस्या समाधान गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

सचिव राउतले समाजमा बढ्दो साइबर अपराधलाई न्यूनीकरण तथा नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो । “समग्र समाजलाई गतिशील र चलायमान बनाउने सूचना प्रविधिको क्षेत्रलाई विस्तार गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

# परीक्षा केन्द्रमा खटिएका प्रहरी सहायक निरीक्षकको निधन

जलेश्वर, १७ चैत (रासस) ।
एसइई परीक्षाका लागि खटिएका एक प्रहरीको निधन भएको छ । रौतहट जिल्लाको गौर नगरपालिका-२ घर भई हाल इलाका प्रहरी कार्यालय लोहारपट्टीमा दरबन्दी रहेका प्रहरी सहायक निरीक्षक ललनकुमार राय पटेलको निधन भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताउनुभयो ।

बलवा नगरपालिका-१० स्थित राष्ट्रिय जनता माध्यमिक विद्यालय धमौरा परीक्षा केन्द्रमा भइरहेको एसइई परीक्षामा सुरक्षार्थ खटिएका उनको ड्युटीमै रहेको बेला अचानक स्वास्थ्य अवस्था बिग्रिएपछि उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पतालमा लगिएको थियो । उनको उपचारकै क्रममा अस्पतालमा निधन भएको हो ।

मृतक पटेलको शव परीक्षणका लागि अस्पतालमा राखिएको छ । घटनाबारे परिवारजनलाई खबर गरिसकेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# रास्वपाद्वारा उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक

काठमाडौं, १७ चैत (रासस) ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा भाग लिने उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक गरेको छ ।

रास्वपाले बिहीबार चितवन क्षेत्र नं २, तनहुँ क्षेत्र नं १ र बारा क्षेत्र नं २ मा हुन लागेको उपनिर्वाचनका लागि पार्टीका तर्फबाट भाग लिने उम्मेदवार चयन गर्न पार्टीको विधानको धारा ७१ बमोजिम प्रारम्भिक सूची सार्वजनिक गरेको हो ।

रास्वपाले चितवन क्षेत्र नं २ मा रवि लामिछाने, तनहुँ क्षेत्र नं १ मा डा स्वर्णिम वाग्ले, ईश्वर लामिछाने र डा रुपक विक घिमिरे तथा बारा क्षेत्र नं २ मा रमेश खरेल र युवराज न्यौपानेको नाम सार्वजनिक गरेको पार्टीका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले जानकारी दिनुभयो ।

सो पार्टीले प्रारम्भिक उम्मेदवारी उपरको दाबी विरोध गर्ने समय शुक्रबार दिउँसो ११ बजेसम्मका लागि तय गरेको प्रवक्ता डा ढकालले बताउनुभयो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
कंचनरुप नगरपालिका, सप्तरी


# विश्व समाचार

## पूर्वअमेरिकी राष्ट्रपतिविरुद्ध फौजदारी अभियोग

न्युयोर्क, १७ चैत (रासस/एपी) ।
पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध फौजदारी अभियोग लागेको छ । वर्षौंको अनुसन्धानपछि म्यानहाटनको ग्रान्ड जुरीले उहाँलाई फौजदारी अभियोग लगाएको हो ।

फौजदारी अभियोगबारे ग्रान्ड जुरीले स्पष्ट नगरे पनि विवाहेत्तर यौन सम्बन्धलगायत दुई दर्जन मुद्दा पूर्वराष्ट्रपतिलाई लाग्ने सञ्चारमाध्यमहरूले जनाएका छन् । जुरीको उक्त निर्णयसँगै उहाँको राजनीतिक एवम् व्यापारिक कारोबार प्रभावित हुनाका साथै पुनः राष्ट्रपतिमालड्ने उहाँको योजना चकनाचुर भएको छ ।

सन् २०१६ को राष्ट्रपतीय निर्वाचन अघि ट्रम्पले अश्लिल चलचित्रकी नायिका स्टर्मी डेनियलसँग कायम गरेको यौनसम्बन्ध र त्यसलाई गोप्य राख्न उनलाई भुक्तान गरिएको एक लाख ३० हजार अमेरिकी डलरलाई मुख्य मुद्दा बनाइएको जनाइएको छ । ट्रम्पविरुद्धका मुद्दाको विस्तृत विवरण सार्वजनिक गरिएको छैन । डेनियलले पनि आफूलाई ट्रम्पले मौन रहन रकम दिएको दाबी गरेकी छन् ।

पूर्वराष्ट्रपति ट्रम्पले आफूमाथि लगाइएको उक्त आरोपको खण्डन गर्नुभएको छ । उहाँले आफूमाथि लगाइएको आरोपलाई राजनीतिक स्वार्थबाट प्रेरित भन्नुभएको छ । उहाँका छोरा एरिकले आसन्न राष्ट्रपतिको चुनावलाई लक्ष्य गरेर विपक्षीले उक्त आरोप लगाएका बताएका छन् ।

म्यानहाटनस्थित सरकारी वकिलको कार्यालयले पूर्वराष्ट्रपतिको आत्मसमर्पणको सहजीकरणको निम्ति उहाँका वकिलसँग सम्पर्क गरिएको बताएका छन् । हाल फ्लोरिडामा रहनुभएका उहाँ आगामी मङ्गबार न्युयोर्कको अदालतमा उपस्थित हुने अपेक्षा गरिएको छ । अदालतमा उहाँले आफू निर्दोष रहेको दलिल प्रस्तुत गर्दै अपील गर्ने सम्भावना छ । उहाँलाई अदालतले धरौटीमा रिहा गर्ने सम्भावना पनि रहेको छ । शुक्रबार नै उहाँलाई आत्मसमर्पण गर्न भनिएको थियो तर उहाँका वकिलहरूले केही समय माग गरेका थिए । अमेरिकाको इतिहासमा पूर्वराष्ट्रपतिलाई फौजदारी अभियोग लागेको यो पहिलो घटना हो ।

## भारतमा फेरि कोरोनाका बिरामी बढे, सचेत रहन डब्ल्युएचओको आग्रह

नयाँदिल्ली, १७ चैत (रासस एएनआई) ।
भारतमा पुनः कोरोनाका बिरामी बढेका छन् । बितेका पाँच महिनाको अवधिमा शुक्रबार सबैभन्दा धेरै सङ्क्रमित फेला परेका हुन् । शुक्रबार एकै दिन तीन हजार ९५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो सङ्ख्या झण्डै छ महिना यताकै उच्च हो । बुधबार तीन हजार सङ्क्रमित फेला परेका थिए ।

उक्त मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको अद्यावधिक तथ्याङ्कअनुसार महामारी क्रमशः साम्य भएपछि गत अक्टोबर २८ मा सबैभन्दा दुई हजार दुई सय आठ जनामा सङ्क्रमण देखिएको थियो । बुधबार देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १३ हजार ५०९ रहेकामा शुक्रबार त्यसमा वृद्धि भई १५ हजार २०८ पुगेको छ । बितेका २४ घण्टामा एक हजार ३९० बिरामीले स्वास्थ्यलाभ गरेका छन् ।

उक्त मन्त्रालयले राष्ट्रव्यापी खोप अभियानअन्तर्गत हालसम्म दुई अर्ब २० करोड ६५ लाख मात्रा खोप लगाइएको तथा त्यसमा ९५ करोड २० लाख दोस्रो मात्रा र २२ करोड ८६ लाख मात्रा सावधानीका लगाइएको जनाएको छ । पछिल्लो २४ घण्टामा छ हजार ५५३ जनालाई खोप लगाइएको छ । सोही अवधिमा एक लाख १८ हजार ६९४ जनाको कारोना परीक्षण गरिएको छ ।

केन्द्र सरकारले स्वास्थ्य तथा चिकित्सा विभागका अधिकारहरूलाई मातहतका निकाय र सरोकारवालासँग सम्भावित महामारीको सामनाको तयारीका निम्ति समीक्षा बैठक गर्न तथा रोकथामका आवश्यक उपाय अवलम्बन गर्न निर्देशन दिएको छ ।

यसैबीच, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले महामारीको सम्भावित नयाँ चरणलाई दृष्टिगत गरी कारोनाविरुद्धका खोप लगाउन आह्वान गरेको छ । स्वस्थ बालबालिका तथा किशोरकिशोरीहरूलाई खोप आवश्यक नभए पनि वृद्ध र उच्च जोखिममा रहेका समूहलाई अन्तिम खोप लगाएको छ देखि १२ महिनाको अन्तरालमा ‘बुस्टर डोज’ लगाउन सुझाएको छ ।

गम्भीर रोगको सामना गरिरहेका वर्गलाई सङ्क्रमण प्रतिरोधी खोपमा प्राथमिकतना दिन सङ्गठनले संसारका सबै देशका सरकारलाई अनुरोध गर्दै राष्ट्रसङ्घीय निकायले परिस्थितिको निरन्तर अनुगमन गरिरहेको र सहयोगका लागि तत्पर रहेको बताएको छ । साथै सङ्गठनले सचेत रहन तथा स्वास्थ्य नियम पालना गर्न अनुरोध गरेको छ ।

## हिन्दु डाक्टरको गोली हानेर हत्या

इस्लामावाद, १७ कात्तिक (रासस एएनआई) ।
एक जना हिन्दु धर्मावलम्बी चिकित्सकको कराँचीमा गोली हानेर हत्या भएको छ । आफ्नो क्लिनिकबाट घर फर्कँदै गरेका डाक्टर बीरबल गेनानीको बिहीबार गोली हानेर हत्या भएको हो ।

कराँची महानगरपालिकाका पूर्वस्वास्थ्य निर्देशक तथा आँखा विशेषज्ञ डा गेनानीलाई अज्ञात समूहले गोली हानेको र उनको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

डा गेनानीसँगै रहेकी एक जना सहयोगी चिकित्सलाई पनि गोली लागेको छ । उनलाई तत्काल अस्पताल पुऱ्याएको थियो । हाल उनी जोखिममुक्त भएकी छन् । आक्रमणकारीका सम्बन्धमा ती महिला चिकित्सकसँग प्रहरीले सोधपुछ गरेको छ । अभियुक्तलाई कानुनको कठघरामा उभ्याउने प्रतिबद्धता पनि प्रहरीले व्यक्त गरेको छ ।

यसैबीच, सिन्धका गभर्नर कमरान खान टेसोरीले कराँचीका प्रहरी अतिरिक्त महानिरीक्षकसँग घटनाको प्रतिवेदन माग गर्दै आँखा विशेषज्ञको हत्याप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

# स्वविवु पदाधिकारीको पदस्थापन तथा प्रमाणपत्र वितरण



**दैनिक समाचारदाता राजविराज, १७ चैत ।**
नवनिर्वाचित स्वविवु पदाधिकारीहरूलाई शुक्रबार एक कार्यक्रमबीच प्रमाणपत्र तथा सम्मान गरिएको छ ।

गत चैत ५ गते सम्पन्न स्वविवु निर्वाचनबाट समाजवादी विद्यार्थी युनियन, लोकतान्त्रिक विद्यार्थी संघ र अखिल क्रान्तिकारीको संयुक्त प्यानल बिजयी भएका थिए । सो प्यानलबाट सभापतिमा समाजवादी विद्यार्थी युनियनका रंजित यादवसहितका पदाधिकारीलाई प्रमाणपत्र वितरण गरिएको छ ।

यसैगरी समानुपातिक प्रणाली अन्तर्गत स्वविवु उपाध्यक्षमा जयकृष्ण यादव, निर्वाचित सचिवमा सुनिल, कोषाध्यक्षमा मेनुका साह र समानुपातिक प्रणालीवाट सहसचिवमा निर्वाचित गुडिया यादवका सदस्यहरूलाई प्रमाणपत्र तथा सपथ ग्रहण गराइएको छ ।

स्वविवु सदस्यहरूमा निर्वाचित कंचन ठाकुर, मोहम्मद जकाउल्लाह, राकेश यादव, नन्दन मण्डल, रमानन्द राम, बिनय कुमार यादव, प्रकाश यादव, पुरषोतम राय, प्रतीक्षा कुमारी यादव लगायतलाई पनि प्रमाणपत्र प्रदान गरेका थिए ।

सो अवसरमा नवनिर्वाचित स्वविवु अध्यक्ष रंजित यादबले मबिव क्याम्पसको शैक्षिक वातावरण सुधार गर्न र विद्यार्थीहरूको नियमित पठनपाठन सुचारू गर्न र विद्यार्थीहरूको हकहित, परीक्षा शाखामा देखिएको बेथिति, क्याम्पसमा विद्यार्थीको फर्म भर्नुको साथै दैनिकी समस्या र वातावरणलाई सहज बनाउने प्रतिबद्धता जनाएको छ ।

मबिव क्याम्पसका सहायक क्याम्पस प्रमुख तथा निर्वाचन अधिकृत रामअशिष यादवको अध्यक्षतामा आयोजित प्रमाणपत्र बितरण तथा सपथग्रहण र सम्मान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, सप्तरीका प्रहरी उपरिक्षक नरेन्द्र कार्की, समाजसेवी भिमराज यादव, क्याम्पस प्रमुख राजिव मिश्रा, प्राध्यापक संघका अध्यक्ष पुष्पेन्द्र झा, रूपनी गाउपालिका अध्यक्ष तथा पुर्व स्वविवु सभापति दिनेश यादव, पुर्व स्वविवु सभापति तथा जनता समाजवादी पार्टी सप्तरी अध्यक्ष केदार यादव, बिद्यार्थी कल्याण प्रमुख उमेश यादव, पुर्व स्वविवु सभापति रामचन्द्र यादव, पूर्वउपसभापति तारकेश्वर यादव, स्वविवु पूर्वसचिव जयप्रकाश यादव, स्वविवु पूर्वसदस्य पार्थो सरकार लगायतको उपस्थिती रहेको थियो ।

# पहिलो दिनको एसइई शान्तिपूर्ण

भक्तपुर, १७ चैत (रासस) । शुक्रबार बिहान ८ बजेबाट सुरु भएको यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) देशभर शान्तिपूर्णरूपमा सम्पन्न भएको छ ।

पहिलो दिन७७ जिल्लाका दुई हजार ३६ र जापानमा रहेको एक परीक्षा केन्द्रमा परीक्षा सम्पन्न भएको एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिनुभयो ।

बाराको एक परीक्षा केन्द्रमा भने प्रश्नपत्र बाहिर ल्याउन खोज्ने एक छात्राको परीक्षा रद्द गरिएको छ । प्रश्नपत्र बाहिरिन नपाउँदै नियन्त्रणमा लिएकाले अन्य परीक्षा भने रद्द गर्नु नपरेको र अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो ।

यस वर्ष परीक्षामा नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा एक किरियापुत्रीले परीक्षा दिएका छन् । जनता मावि मध्यबिन्दु नगरपालिका–६ मा अध्ययनरत किरियापुत्री रामबहादुर थारूले एसइई परीक्षा दिएका हुन् ।

यस वर्ष देशभरबाट ५५ न्यून दृष्टि भएका विद्यार्थी एसइईमा सहभागी भएका छन् । उनीहरूलाई कार्यालयले नजिकको परीक्षा केन्द्रको उपकेन्द्र बनाएर सम्बन्धित विद्यालयबाटै परीक्षा दिन पाउने व्यवस्था गरिएको थियो । त्यसैगरी विभिन्न कारणले कारागार तथा बाल सुधारगृहमा रहेका विद्यार्थीले पनि यथास्थानबाटै परीक्षा दिने व्यवस्था मिलाइएको छ ।

यस वर्ष परीक्षामा कूल चार लाख ८४ हजार दुई सय २७ परीक्षार्थी सहभागी भएका छन् । त्यस्तै, जापानमा रहेका १४ नेपाली विद्यार्थी सहभागी भएका छन् । देशभरका परीक्षा केन्द्रमा ७८ हजार जनशक्ति परिचालन भएका छन् । यस वर्षको परीक्षाका लागि ५० लाख सेट प्रश्नपत्र छपाइ गरिएको छ । परीक्षा चैत २९ गते सम्पन्न हुनेछ ।

# छुट्टाछुट्टै स्थानमा भएको मोटरसाइकल दुर्घटनामा ६ जना घाइते

**दैनिक समाचारदाता राजविराज, १७ चैत ।**
सप्तरीमा छुट्टाछुट्टै स्थानमा भएको मोटरसाइकल दुर्घटनामा एक महिलासहित ६ जना घाइते भएका छन् ।

जिल्लाको कंचनरुप नगरपालिका ८ बेरियर चोकस्थित पुर्वपश्चिम राजमार्गमा पुर्वबाट पश्चिम तर्फ आउदै गरेको स.१ब.५११ नं.को मोटरसाइकलले पैदल यात्रीलाई ठक्कर दिएको छ । सो दुर्घटनामा पैदलयात्री मोरङको पथरीसनिश्चरे नगरपालिका ६ निवासी ५० वर्षिया शिवमुनि मण्डल घाइते भएकी छिन् ।

घाइते मण्डललाई उपचारका लागि एमडिएस अस्पताल रुपनगरमा भर्ना गरिएको प्रहरीले जनाएको छ भने मोटरसाइल र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै शुक्रबारै जिल्लाको बोदेबर्साईन नगरपालिका ५ शत्रुध्न चोकस्थित हुलाकी सडक खण्डमा पुर्वबाट पश्चिम तर्फ आउदै गरेको स.१च.१६५० न.को एम्बुलेन्सलाई मोटरसाइकलले ठक्कर दिदा मोटरसाइकल पछाडी सवार एक जना घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ बाटो काट्ने क्रममा स.४प.१०३८ न. को मोटरसाइकलले एम्बुलेन्सलाई ठक्कर दिदा पछाडि सवार पर्साको बिरगंज महानगरपालिका २० निवासी २० वर्षिय करण कुमार महतो घाइते भएको प्रहरीले जनाएको छ । उनको स्थानिय जिवन ज्योति अस्पताल बोदेबर्साइनमा उपचार भईरहेको छ ।

मोटरसाइकल चालक फरार रहेकोले खोजतलास भइरहेको तथा दुबै सवारीसाधन प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको महादेवा गाउँपालिका १ चिम्टीस्थित हुलाकी सडक खण्डमा बिहीबार पश्चिमबाट पुर्वतर्फ जादै गरेको प्र.२-०१-००२प.६२८९ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदाँ चालकसहित दुई जना घाइते भएका छन् । घाइते हुनेमा स्थानिय २३ वर्षिय मो. याकु र पछाडी सवार स्थानिय १८ वर्षिय मो. छठु छन् ।

दुवै जनाको स्थानिय मेडिकलमा उपचार भईरहेको तथा घटना बारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि बिहीबारै जिल्लाको कंचनरुप नगरपालिका ११ बक्सहा चोक नजिकै राजमार्गमा पश्चिमबाट पुर्वतर्फ आउँदै गरेको स.७प.१०३१ नं. को मोटरसाइकल खाल्टोमा परि दुर्घटना हुदा चालकसहित दुई जना घाइते भएका छन् ।

घाइते हुनेमा मोटरसाइकल चालक अग्निसाईर कृष्णसावरण ६ निवासी १९ वर्षका अजय कुमार साह र पछाडि सवार कंचनरुप ११ का २० वर्षिय श्रवन कुमार दास रहेका छन् । उनीहरुको मुख, दुवै घुडामा चोट र तीन वटा दाँत भाचेकोले स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचार भईरहेको छ ।

# खानेपानी मन्त्री खानद्वारा राजिनामा

**दैनिक समाचारदाता राजविराज, १७ चैत ।**
खानेपानी मन्त्री अब्दुल खानले राजीनामा दिएका छन् । यस अघि जनमत पार्टीले उद्योग वाणिज्य तथा आपूर्ति वा कृषि मन्त्रालयको दावी गरेको थियो ।

मन्त्रीपरिषद् पुनर्गठन गर्दा जनमतका मन्त्री खानलाई यथावत राखेर उद्योग वाणिज्य नेका र कृषि एकीकृत समाजवादीका मन्त्रीलाई जिम्मेवारी दिएपछि अब्दुल खानले राजीनामा दिएका हुन् ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

आगलागीबाट सावधानी अपनाऔं।
निम्न कारणबाट आगलागी हुनसक्छ,
➢ आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
➢ प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
➢ हुरी बतास चल्दा,
➢ प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
➢ चटयाङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np